# धनकुटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, धनकुटा
## सेवा करारमा कर्मचारी पदपूर्ति सम्वन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२.०६.८ गते

धनकुटा नगरपालिका, नगर कार्यपालिकाको निर्णय अनुसार लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्वन्धी कार्य सम्पादन गर्न तपशील अनुसारको जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन ( मिति २०८२/०६/२२ गते दिनको ५:०० बजे) भित्र परीक्षा दस्तुर तिरेको रसिद सहित यस कार्यालयको प्रशासन, योजना तथा अनुगमन शाखामा दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशील

| विज्ञापन नं. | पद | तह/श्रेणी | संख्या | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| ०१-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक/पाँचौ | १ (एक) | लिखित र अन्तर्वार्ता | रु.८००। |
| ०२-२०८२/०८३ | केश वर्कर | सहायक/पाँचौ | १ (एक) | लिखित र अन्तर्वार्ता | रु.८००। |

१. आवश्यक न्युनतम शैक्षिक योग्यता र सीप

क. **मनोसामाजिक परामर्शकर्ता:** मान्यता प्राप्त शैक्षिक संस्थावाट न्युनतम प्रमाण पत्र उत्तीर्ण गरेको, मनोविमर्श परामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम तथा सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थावाट कम्तिमा ६ महिना तालिम लिएको, कम्तिमा ३ वर्ष मनोसामाजिक क्षेत्रमा समुदायमा काम गरेको अनुभव भएको, सम्वेदनशीलता र गोपनीयताको उच्च समझदारी पालना गर्ने सीप भएको, सहानुभूतिपूर्ण व्यवहार र सुन्ने सीप भएको र कम्प्युटर सम्वन्धी आधारभूत ज्ञान भएको ।

ख. **केश वर्कर:** मान्यता प्राप्त शैक्षिक संस्थावाट न्युनतम प्रमाणपत्र तह उत्तीर्ण गरेको, लैङ्गिक हिंसा सम्वन्धित वा सामाजिक सेवामा कम्तिमा ३ वटा काम गरेको अनुभव भएको, लैङ्गिक हिंसा सम्वन्धित तथ्याङ्क संकलन व्यवस्थापन रिपोर्टिङ्ग प्रेषण सम्वन्धी अनुभव भएको, लैङ्गिक हिंसा, सामाजिक परिचालन र जनचेतनामूलक तालीम गोष्ठी मा सहभागि भएको वा संचालन गरेको अनुभव भएको, प्रभावकारी सञ्चार, समन्वय र संवेदनशीलता कायम राख्ने क्षमता भएको, गोपनीयता र व्यावसायिकता कायम राख्न सक्ने, आवश्यक परेमा स्थानीय भाषामा सेवा दिन सक्ने र कम्प्यूटर सम्वन्धि ज्ञान सिप भएको ।

२. **उमेरको हद :** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

३. **परीक्षा मिति:** पछि प्रकाशन गरिनेछ ।

४. **तलब तथा अन्य सुविधा** : स्थानीय सेवाको सहायक स्तर पाँचौ तहको शुरु स्केल वा सो सरह ।

५. **कार्यअवधि** : हाललाई २०८३ असार मसान्तसम्म, आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने ।

६. **कार्यशर्त र दरखास्त फारम:** दुवै पदका लागि कार्यशर्त र दरखास्त फारम धनकुटा नगरपालिकाको वेभसाईट www.dhankutamun.gov.np/igbvm मा राखिएको छ ।

७. **आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio Data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको दुई प्रति फोटोको साथमा तोकिएको ढाँचामा आवेदन सहित धनकुटा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

८. **छनौट प्रक्रिया:** संक्षिप्त सूची (Short List) मा परेका उम्मेद्वारहरुलाई मात्र छनौट प्रक्रियाका परिक्षाहरुमा समावेश गरिने छ ।

पुनश्च: *महिला उम्मेद्वारहरुलाई आवेदन दिन प्रोत्साहित गरिन्छ ।*

..................

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**